COLUMBUS CITY SCHOOLS BOARD OF EDUCATION
Christina Vera, President • Dr. Tina Pierce, Vice President
Jennifer Adair • Michael Cole • Sarah Ingles
Ramona R. Reyes • Brandon Simmons

**आदरणीय कलम्बस सिटी स्कूल्सका विद्यार्थीहरू, अभिभावकहरू, शिक्षकहरू र कर्मचारीहरू,**

मलाई आशा छ कि यो पत्रले तपाँईलाई राम्रो अवस्थामा रहेको पाउने छ। हाम्रा सबै विद्यार्थीहरूकालागि उत्कृष्ट सम्भावित भविष्य सुनिश्चित गर्न हामीले हाम्रो काम जारी राख्दै गर्दा, शिक्षा बोर्डले चालेका कदमहरूलाई म व्यक्तिगत रूपमा सम्बोधन गर्न र तपाँईहरुलाई यस प्रक्रियाको महत्त्वपूर्ण भाग बन्न आमन्त्रित गर्न चहान्छु।

हामी डिस्ट्रिक्टको पुनर्गठन प्रक्रियाको दोस्रो चरण सुरु गर्दैछौं, जसमा कलम्बस सिटी स्कूल्सका विद्यालयहरूमा सिकाईको वातावरणलाई नजिकबाट नियाल्ने समावेश गरिएको छ। यो एउटा कठिन विषय हुन सक्छ, विशेष गरि जब यस पुनर्गठनले विद्यार्थी, परिवार, कर्मचारी र समग्र रूपमा हाम्रो समुदायकालागि धेरै सम्झना र सम्बनधहरूहरू राख्ने ठाउँहरूलाई छुन्छ। हामी बुझ्छौं कि सम्भावित विद्यालय बन्दको बारेमा कुराकानीले अनिश्चितताको भावना ल्याउन सक्छ, र हामी यो प्रक्रियालाई हेरचाह र समानुभूतिको साथमा पुग्न चहान्छौं।

सो कुराहरुलाई ध्यानमा राख्दै, सम्भावित बन्दकालागि सिफारिस गरिएका प्रत्येक विद्यालयसँग संलग्न हुन जिल्ला-व्यापी प्रयासको अंशका रूपमा कलम्बस शिक्षा बोर्डले आगामी हप्ताहरूमा भ्रमण गर्नेछ। यी भ्रमणहरू तपाँईले सुन्नकालागि हाम्रो प्रतिबद्धताको एउटा महत्वपूर्ण भाग हो - हाम्रा विद्यार्थीहरू, परिवारहरू, र कर्मचारीहरू - जसले गर्दा हामीले तपाँईको विद्यालयलाई कसरी विशेष स्कूल बनाउँछौं र भविष्यकालागि तपाँईको आशा र चिन्ताहरू के छन् भनेर बुझ्न सकौं।

हामीले यी भ्रमणहरूकालागि तयारी गर्दै गर्दा, हामी सबैले आफ्नो आवाज साझा गर्ने अवसर छ भनि सुनिश्चित गर्न **सामुदायिक संलग्नता** सत्रहरू आयोजना गर्नेछौं। हामी तपाँईबाट सुन्न चाहन्छौं कि हाम्रा विद्यार्थीहरू, परिवारहरू, र कर्मचारीहरूलाई सर्वेक्षणमा भाग लिन पनि आग्रह गर्दैछौं, जसमा तपाइँलाई बोर्डले हाम्रो भ्रमणको क्रममा के हेर्न र विचार गर्न चहानुहुन्छ भन्ने बारे विशेष प्रतिक्रिया प्रदान गर्न अनुमति दिनेछ। तपाँईको अन्तर्दृष्टि अमूल्य हुनेछ किनकि हामीले हरेक निर्णयको मुटुमा हाम्रा विद्यार्थीहरूको भलाइलाई ध्यानमा राख्दै अगाडि बढ्नकालागि उत्तम तरिका निर्धारण गर्न सँगै काम गर्छौं।

हामी यो धेरैकालागि भावनात्मक समय हो भनेर बुझ्दछौं। विद्यालयहरू केवल भवनहरू मात्र होइनन् — तिनीहरू ठाउँहरू हुन् जहाँ बच्चाहरू बढ्छन्, सम्बन्धहरू फस्टाउँछन् र समुदायहरू एकसाथ आउँछन्।कृपया यो बुझ्नुहोस् कि हामी यो प्रक्रियालाई हल्का रूपमा लिदैनौं र तपाँईको विद्यालयसँग भएको बन्धनलाई हामी गहिरो रूपमा सम्मान गर्छौं। २१ औं शताब्दीको सिकाइ हाम्रो जिल्लाकालागि कस्तो देखिन्छ भनेर पुन: कल्पना गर्दा हामी तपाँईसँग हात मिलाएर काम गर्न, विचारहरू सुन्न र तपाँईका अनुभवहरूलाई सम्मान गर्न प्रतिबद्ध छौं।

परिवर्तन कहिल्यै पनि सजिलो हुँदैन र हामी अनिश्चितताको भावना जसले ल्याउँछ त्यसलाई बुझ्दछौं। यद्यपि, हामीले सँगै काम गरेर, हाम्रा सबै विद्यार्थीहरूकालागि उज्ज्वल भविष्य सिर्जना गर्न गर्छौं भनि हामी विश्वास गर्छौं र जहाँ उनीहरूको सिकाइ वातावरण उत्कृष्टतासँग मेल खान्छ भनि हामीलाई थाहा छ र उनीहरूले हासिल गर्न पनि सक्षम छन्।


तपाँईको निरन्तर सहयोग, लचिलोपन र यस वार्तालापको अत्यावश्यक अंश हुनु भएकोमा धन्यवाद।कलम्बस सिटी स्कूल्सकालागि शिक्षाको भविष्यलाई आकार दिने क्रममा आगामी हप्ताहरूमा तपाँईसँग काम गर्न हामी तत्पर छौं।

कृपया यो छोटो ४ वटा प्रश्न भएको सर्वेक्षण पूरा गरेर आफ्नो विचार साझा गर्न केहि समय दिनुहोस्:

https://www.surveymonkey.com/r/CCS_board_visit_Nepali

बुझ्दै र कृतज्ञताकासाथ,

क्रिस्टिना भेरा




अध्यक्ष, कलम्बस बोर्ड अफ एडुकेशन

The Columbus City School District does not discriminate based upon sex, race, color, national origin, religion, age, disability, sexual orientation, gender identity/expression, ancestry, familial status or military status with regard to admission, access, treatment or employment. This policy is applicable in all district programs and activities.

COLUMBUS CITY SCHOOLS